दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पु-याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक १५८ | बुटवल | २०८३ जेठ २६ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday Jun 09, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

### करका दरमा हेरफेर :

# अर्थमन्त्री डा. स्वर्णिम वाग्लेमाथि संसदीय छानबिनको माग

**बजेट प्रस्तुत गरिसकेपछि आर्थिक प्रावधानहरूमा हतार-हतार संशोधन गर्नुले अर्थमन्त्रीको नैतिकता र कार्यदक्षता दुवैमा गम्भीर प्रश्न उठेको छ। सांसदहरूले बीवाईडी विद्युतीय गाडी भन्सार पासको पनि छानबिन गर्न माग गरेका छन्।**

**लुम्बिनी संवाददाता**
*बुटवल*



विपक्षी दलहरूले आर्थिक विधेयकमा रहेका करका दर हेरफेर गरेर अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले संघीय संसद् सचिवालयमा दर्ता गरेको पत्र अस्वीकार्य रहेको बताएका छन्। विपक्षी सांसदहरुले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेमाथि संसदीय छानबिनको माग गरेका छन्।

सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसदले करका दरमा हेरफेर गरेको विषय बाहिर आएको उल्लेख गरे। उनीहरूले संसद्मा टेबुल भएको प्रस्तावका विषय संसद्बाहिर थपघट गर्न नपाइने बताए।

प्रतिनिधिसभाको बैठकमा बोल्दै नेकपा (एमाले) संसदीय दलकी उपनेता पद्मा अर्यालले आर्थिक विधेयकमाथि भएको हेरफेरको विषय गम्भीर भएको बताइन्। 'यो संसद्मा पेश भएको आर्थिक विधेयकका पृष्ट परिवर्तन गरियो। ४६० बाट ४५० मा झारियो। १६ पृष्ट गायब गरियो,' अर्यालले भनिन्- 'करका दररेट फेरबदल गरियो।' यसलाई गम्भीर रुपमा लिनुपर्ने उनको भनाइ थियो। उनले अर्थमन्त्री वाग्लेमाथि छानबिनको माग गरिन्। 'संसद्मा पेश विधेयकलाई संसद्मा एउटा अंक राख्ने, मन्त्रालय फर्केर अर्को अंक राख्ने। यो के कामका निम्ति यस्ता व्यवहार गरिन्छ? के उद्देश्य राखेर गरिन्छ?' -अर्यालले प्रश्न गरिन्।

त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले पनि करका दरमा गरिएको हेरफेर र आर्थिक विधेयकमा भएको थपघटको विषय उठाए। उनले यसलाई राजद्रोह भने। 'जम्मा तीन जनालाई थाहा हुन्छ करका दर। एउटा अर्थमन्त्री, यदि चाह्यो भने अर्थ सचिव र राजस्व सचिव। यदि अर्थमन्त्रीले अनुमति दिनुभयो भने,' शाहीले प्रश्न गर्दै भने -'कसरी सूचना लिक भयो? यो ठूलो अपराध हो, करका दरमा हेरफेर राजद्रोह हो,' अर्थमन्त्रीमाथि छानबिन हुनैपर्छ।'

सांसद शाहीले अर्थ मन्त्रालयले गरिरहेको छानबिनले नपुग्ने बताए। यसका लागि संसदीय छानबिन हुनुपर्ने उनको भनाइ थियो। 'छानबिन अर्थ मन्त्रालयमाथि होइन, अर्थमन्त्रीमाथि हुनुपर्छ। संसदीय छानबिन हुनुपर्छ।'- शाहीले भने।

त्यस्तै, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का गोपाल शर्माले पनि आर्थिक विधेयक र करका दरमा भएको हेरफेरको छानबिन गर्न माग गरे।

'हाल संसद्मा टेबुल भएको अर्थ विधेयक र अर्थ मन्त्रालयको वेबसाइटमा भएको आर्थिक विधेयकमा भिन्नता देखिएको छ,' सांसद शर्माले भने-'करका दरमा समेत हेरफेर गरिएको छ।'

यसलाई गम्भीर रुपमा लिन उनले संसदमा आग्रह गरे। यसमा संसदीय छानबिनको माग गर्दै शर्माले भने, 'संसद्मा टेबुल भएको र संसद्मा छलफलका क्रममा रहेको विधेयकमा संसद्लाई नै छलेर सरकारले मनलाग्दो हेरफेर गर्न मिल्दैन।'

नेकपाका प्रमुख सचेतक युवराज दुलालले करका दरसम्बन्धी सूचना चुहावट, बीवाईडी विद्युतीय गाडी भन्सार पास प्रकरण तथा अर्थ मन्त्रालयबाट अनधिकृत रूपमा करका दर हेरफेर गरिएको आरोपबारे संसदीय छानबिन समिति गठन गर्न माग गरेका छन्। संसद्मा करका दर प्रस्ताव भइसकेपछि त्यसमा परिवर्तन गर्ने अधिकार संसद् वा विधेयक पारित भएर ऐन बनेपछि ऐनले प्रत्यायोजन गरेको अधिकारअनुसार मात्रै हुने उनको भनाइ छ।

अर्थ मन्त्रालयले एकतर्फी रूपमा करका दर परिवर्तन गर्न सक्ने कानुनी व्यवस्था नरहेको उनले बताए। उनले भने-'संसद्मा करका दर प्रस्ताव भएपछि त्यो फेरबदल गर्न कि संसद्ले सक्छ कि विधेयक पारित भएर ऐन बनेपछि ऐनले प्रत्यायोजित गरेको अधिकार प्रयोग गरेर नेपाल सरकारले सक्छ। संसद्मा पेश भएपछि अर्थ मन्त्रालयले करका दर फेरबदल गर्न सक्ने कानुनी व्यवस्था कहाँ छ? कहीँ छैन, साथै करका दर संसद्मा पेश हुनु अघि अर्थमन्त्रीको जिम्मामा हुन्छ। कसैलाई थाह हुनु हुँदैन र थाह हुँदा पनि हुँदैन।'

करका दर संसद्मा पेश हुनुअघि अर्थमन्त्रीको जिम्मेवारीमा रहने र ती गोप्य सूचना कसैलाई जानकारी हुन नहुने उनले बताए। तर उक्त सूचना चुहावट भएको र त्यसको आधारमा सयौँ बीवाईडी गाडी नेपाल आइपुग्नुअघि नै भन्सार पास गरिएको दाबी गरे।

उनले भने-'यस्तो स्तरको जोखिम सामान्य कर्मचारीले लिन सक्दैनन्, उच्च तहबाट कडा निर्देशनबिना यस्तो कार्य सम्भव हुँदैन। जहाँ सूचना छ, त्यहीँबाट लिक गराइएको हो र गाडी भन्सार पास गर्न आदेश दिइएको हो।'

घटनाको निष्पक्ष छानबिनका लागि संसदीय छानबिन समिति गठन गरी सत्यतथ्य सार्वजनिक गर्न र दोषीमाथि कारबाही गर्नुपर्ने माग गरे।

संविधानमा उल्लेख भए बमोजिम जेठ १५ गते अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसदको संयुक्त सदनमा आगामी आर्थिक वर्षका लागि २१ खर्ब २४ अर्बको बजेट पेस गरेका थिए। बजेट वाचन गरेपछि बजेटको प्रमुख अङ्ग करका दरहरू रहेको आर्थिक विधेयक पनि संसदमा टेबल गरे। कतिपय करका दर बजेट भाषणपछि लागू भइसकेका छन्। तर, अर्थमन्त्रीले बजेट पेस गरेको केही समय नबित्दै केही सञ्चारमाध्यममा बजेटमा भएका करका दरका विषयमा अर्थमन्त्रीले सार्वभौम संसदमा झुटो बोलेको समाचार प्रकाशन भए।

समाचारपछि हतार-हतार अर्थ मन्त्रालयले आर्थिक विधेयक एक पटक होइन, पटक-पटक सच्याउन थालेको थियो। बजेट भाषणपछि अर्थ मन्त्रालयले आर्थिक विधेयकमा गरेको 'मनपरी' संशोधनले गम्भीर संवैधानिक र प्रक्रियागत प्रश्नहरू उब्जाएको छ। संसदमा दर्ता भइसकेको आर्थिक विधेयकमा अर्थमन्त्री वाग्लेले प्रशासनिक तबरबाट संशोधन गराउन खोज्नुले कार्यपालिकाको नियन्त्रण र संसदको सार्वभौमसत्तामाथि नै प्रश्न खडा गरेको छ।

संसद सचिवालयका अधिकारीहरुका अनुसार अर्थमन्त्री वाग्लेको तर्फबाट आर्थिक विधेयकका करसम्बन्धी प्रावधानहरूमा 'सच्याउने' प्रस्तावसहितको पत्र जेठ १७ गते सचिवालय पुगेको थियो। तर, संसदमा औपचारिक रूपमा टेबल भइसकेको विधेयकमा यसरी सिधै संशोधन दर्ता गर्न मिल्दैन। सचिवालयका कर्मचारीहरूले सुरुमा उक्त पत्र दर्ता गर्न अस्वीकार गरेका थिए। विभिन्न समाचार माध्यममा यो विषय लगातार समाचार बनेपछि अर्थमन्त्री वाग्लेले सचिवालयका उच्च अधिकारीहरूलाई दबाब दिएको ती अधिकारीहरूको दाबी छ। अन्ततः जेठ २० गते संसदका महासचिव पद्मप्रसाद पाण्डेयले उक्त पत्र दर्ता गर्न निर्देशन दिए। पाण्डेले अर्थमन्त्रीप्रति अतिरिक्त प्रेम प्रकट गर्दा संसदलाई निरीह बनाउँदै यस वर्षको बजेटमाथि सरकारले गरेको थिचोमिचो नेपालको संसदीय इतिहासमै धब्बाका रूपमा रहने स्पष्ट छ।

अहिले तिनै पाण्डेयको दबाबपछि ती संशोधनहरू आर्थिक विधेयकको अन्तिम खण्डमा समावेश गरी पुनः अपलोड गरिएको छ। संविधानतः सरकारले संसदमा संशोधन प्रस्ताव दर्ता गर्न सक्छ, तर त्यसका लागि विधेयकमाथि दफावार छलफल हुनुपर्छ र संसद वा संसदीय समितिबाट अनुमोदन गराउनुपर्छ। अर्थ मन्त्रालयले अपनाएको यो पछिल्लो शैली प्रक्रियागत रूपमा त्रुटिपूर्ण देखिन्छ।

यसले मुख्यतया दुईवटा प्रश्न जन्माएको छ : के संसदले जुन विधेयकमाथि छलफल गर्ने हो, त्यही विधेयक नै अहिले संसदमा छ? कि प्रशासनिक च्यानलबाट अर्को संस्करणको विधेयक घुसाइएको हो? यदि प्रक्रिया मिचेर विधेयकमा हेरफेर गरिएको हो भने यसले संसदको संवैधानिक अधिकारलाई नै ओझेलमा पारेको छ।

टेक्नोक्र्याट र पारदर्शी, सुशासनका पक्षपातीका छवि बनाएका नामुद अर्थविद् भनिने डा. स्वर्णिम वाग्लेका लागि यो प्रकरण निकै महँगो पर्न सक्छ। बजेट प्रस्तुत गरिसकेपछि आर्थिक प्रावधानहरूमा हतार-हतार संशोधन गर्नुले उनको नैतिकता र कार्यदक्षता दुवैमा प्रश्न उठेको छ। यस प्रकरणमा के सुरुमै मस्यौदा गर्दा लापरबाही भएको थियो? वा बजेट भाषणपछि कुनै निश्चित समूहको स्वार्थमा करका दर परिवर्तन गरिएका हुन्?

यी प्रश्नहरूको जवाफ दिन नसक्दा वाग्लेको 'सुधारवादी' छविमाथि नै धक्का लाग्न सक्छ। यो विवादले सरकारको वैधतामाथि गम्भीर प्रश्न उठाएको छ। प्रतिनिधिसभामा करिब दुईतिहाइ रहेको तथा सभामुख पनि आफ्नै भएकाले सरकारले यस विषयलाई पेलेरै लैजाला। तर, यस प्रकरणबाट बजेटको पवित्रता र पारदर्शितामाथि प्रश्न उठाउँदै प्रतिपक्षले सरकारलाई रक्षात्मक अवस्थामा पुऱ्याउने प्रशस्त आधार त पाएको छ।

कुनै पनि देशको आर्थिक नीति स्थिर र पूर्वानुमानयोग्य हुनुपर्छ। बजेट भाषणपछिको यस्तो 'मनपरी' संशोधनले निजी क्षेत्र र वैदेशिक लगानीकर्तामाझ सन्देश राम्रो गएको छैन। यदि करका दरहरू र भन्सार नीतिहरू प्रशासनिक तबरबाटै बदल्न मिल्छ भने भोलि कसले लगानीको सुरक्षा सुनिश्चित गर्छ? यस्तो प्रवृत्तिले वित्तीय प्रणालीमाथिको विश्वास घटाउने खतरा रहन्छ।

त्यसैले, यो विषय एउटा प्राविधिक गल्ती वा सुधार मात्र होइन। यो नेपालको बजेट निर्माण प्रक्रियामा कार्यपालिका कति शक्तिशाली छ र संसद कति निरीह छ भन्ने एउटा ठूलो उदाहरण हो। यदि यो अभ्यासलाई अहिले नै सच्याइएन भने भविष्यमा सरकारहरूले बजेटलाई आफ्नो अनुकूल 'खेलौना' बनाउने खतरा रहन्छ। अहिलेको प्रश्न करको दर कति छ भन्ने होइन, बरु नेपालको वित्तीय नीति कसले नियन्त्रण गरिरहेको छ भन्ने हो।

» बाँकी ३ पेजमा

# रविको प्रस्ताव विपक्षी दलबाट अस्वीकार



बुटवल। सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रस्ताव अस्वीकार गर्दै विपक्षी दलहरूले संसद् बैठकमा अवरोध कायमै राख्ने भएका छन्।

रास्वपा सभापति रवि लामिछानेको आह्वानमा सोमबार सिंहदरबारमा बसेको सर्वदलीय बैठकमा विपक्षी दलले सत्ता पक्षको आग्रह इन्कार गरेको हो।

रास्वपा महामन्त्री कविन्द्र बुर्लाकोटीका अनुसार बैठकमा सभापति लामिछानेले संसद्मा जारी गतिरोध अन्त्यका लागि विपक्षीसमक्ष प्रस्ताव राखेका थिए।

'सदन अवरुद्ध हुने अवस्थालाई निराकरण गरेर जानुपर्छ भन्ने कुरा सभापतिज्यूबाट अनुरोध भयो। सरकारका तर्फबाट परराष्ट्र मन्त्रालय, परराष्ट्र मन्त्रीले प्रस्ट्याउने केही कुरा राखेको छ, आवश्यक पर्छ भने त्यो कुरा सदनमा पनि राख्न सकिन्छ भन्ने कुरा सभापतिले राख्नुभएको थियो।'-बुर्लाकोटीले भने।

उनका अनुसार भारत भ्रमण र प्रधानमन्त्री बालेन्द्र शाहले संसद्मा दिएको नेपाल-भारत सीमासम्बन्धी अभिव्यक्तिलगायत विषयमा सभापति लामिछाने र परराष्ट्रमन्त्री शिशिर खनालले प्रतिनिधिसभामा बोल्ने प्रस्ताव राखिए पनि विपक्षीहरू नमानेका हुन्।

प्रधानमन्त्री शाहले प्रतिनिधिसभा बैठकबाटै 'नेपालले पनि भारतको जग्गा मिचेको' भनी दिएको अभिव्यक्ति पुष्टि हुने प्रमाण दिन वा संसद्को रेकर्डबाट उक्त अभिव्यक्ति हटाइनुपर्ने अडान प्रतिपक्षी दलहरूले राखे।

सर्वदलीय वैठकपछि संसदमा बोल्दै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधिसभाको रोष्टमबाट भारतको सीमा नेपालले मिचेको छ भन्दै दिएको अभिव्यक्तिमा माफी नमाग्दासम्म प्रतिनिधिसभाको कामकारबाही अगाडि बढ्न नसक्ने बताएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा आकस्मिक समयमा बोल्दै कांग्रेस सांसद सन्तोष सुब्बाले प्रधानमन्त्रीले गत १९ गते संसद्मा दिएको मन्तव्यको घोर भर्त्सना गर्दै सो विषयमा तत्काल प्रष्टीकरण दिन माग गरेका हुन्।

चार दिनदेखि संसद् अवरुद्ध भइरहँदा पनि दलहरूबिच भएको छलफल र संवादको प्रगतिबारे सदनलाई जानकारी नदिइएकोमा सुब्बाले असन्तुष्टि व्यक्त गरे। 'हामीले ४ दिनदेखि संसद् अवरुद्ध गर्दा संवाद कहाँ पुग्यो? के-कस्तो छलफल भयो? यसबारे हामीले जानकारी पाउनुपर्छ।'- सुब्बाले भने। संसद् ढिलो प्रारम्भ भएको र समय निकै कम भएकाले गम्भीर विषयहरू ओझेलमा पर्न नहुने उनको भनाइ छ।

सांसद सुब्बाले सभामुखलाई 'अभिभावक' को संज्ञा दिँदै संसद्लाई निकास दिनु सभामुखको दायित्व भएको बताए। उनले भने-'सभामुखलाई असफल हुने छुट छैन, तपाईंले हामीलाई डोहोऱ्याएर लैजाने हो। हाम्रा कमजोरी सच्याउन सकिन्छ, तर संसद्लाई सुचारु गर्न तपाईंले ठोस पहल गर्नुपर्छ।'

संसद् अवरुद्ध हुँदा बजेटका महत्त्वपूर्ण विषयहरू, कृषिका समस्या, पहाडी र हिमाली क्षेत्रको बजेट विनियोजन र मुलुकको जटिल समस्याको रूपमा रहेको बसाइँसराइ जस्ता विषयमा छलफल हुन नपाएको सुब्बाको भनाइ छ।

प्रधानमन्त्रीले संसद्प्रति उत्तरदायी भएर आफ्ना अभिव्यक्तिबारे स्पष्ट पार्नुपर्ने र नेपालको भूभाग मिचिएको विषयमा तथ्यगत रूपमा प्रस्तुत हुनुपर्ने कांग्रेसको माग रहेको उनले बताए।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता वर्षमान पुनले प्रधानमन्त्री वालेन्द्र शाहको भनाइ संसद्को रेकर्डबाट हटाउनपर्ने बताएका छन्।

नेता पुनले प्रधानमन्त्रीको भनाइ सच्चिनुपर्ने बताए। प्रधानमन्त्री शाहले प्रतिनिधिसभाको बैठकमा सांसदसँगको प्रश्नोत्तरका क्रममा नेपालले पनि भारतको जमिन मिचेको अभिव्यक्ति दिएका थिए। त्यसलाई लिएर विपक्षी दलले विरोध गर्दै आएका छन्। त्यही क्रममा सोमबार प्रतिनिधिसभाको बैठक सुरु हुने बितिक्कै विपक्षी दलले विरोध जनाएका थिए।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# जलवायु संकट

जलवायु परिवर्तनले मौसमी चक्रमा उथलपुथल आएको छ, यसले मान्छेको जीवन संकटमा पर्न थालेको छ । लामो समय खडेरी पर्ने, वर्षा भए पनि राम्ररी मुल फुट्ने गरी वर्षा नहुने, कतिपय ठाउँमा अधिक वर्षा हुने र कतिपय ठाउँमा न्यून वर्षा हुने प्रवृत्ति प्रकृतिमा देखिएको छ । अत्याधिक वर्षा, न्यून वर्षा र खडेरीको चक्र चुलिंदै जाँदा मानव जीवनमा अनेकौं समस्या देखिएका छन् ।

जलवायु परिवर्तनका कारण पानीको चरम संकट देखिन थालेको छ । पानीका मुहान सुक्दै गएपछि पहाडी बस्ती खानेपानी अभाव झेल्दै छन् । अघिल्लो हिउँदमा हिमालमा पर्याप्त हिउँ परेन् । गएको हिउँदमा हिउँ पर्‍यो, हिमाली क्षेत्रका बासिन्दामा खुशीयाली छायो, तर बढ्दो तापक्रमले हिमाली क्षेत्रको जनजीवन जटिल बन्न थालेको छ । हिमताल फुट्दा हिमाली बस्ती जोखिममा पर्न थालेका छन् । यो वर्ष नेपालमा तापक्रम बढ्ने र खडेरी धेरै हुने जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

जलवायु परिर्वतनको कठिन दिनको सामना गर्नुपर्ने चेतावनी वैज्ञानिकहरुले दिइरहेका बेला यतिखेर पहाडमा खानेपानीको समस्या चुलिन थालेको छ । परम्परागत कुवा र पँधेरामा पानी सुक्न थालको छ । गुल्मी र अर्घाखाँचीका ग्रामिण बस्ती हिउँदको मध्यतिरबाट खानेपानीको संकट सामना गर्दैछन् । पहिलेका कुवा र पधैंरा मासिए । घर-घरमा आएका धारामा पानी चुहिन छाड्यो । पुर्खाको मिहिनेत र लगनमा बनेका पँधेरा र कुवा समाप्त पार्दाको दुःख अहिले झेल्दैछन् । कुवा र पँधेरा गाउँका पहिचान थिए । मान्छेका लागि मात्रै नभएर अरु जीवजन्तुका लागि पनि पानीको स्रोत थिए । गाउँमा विकास पस्यो, एकघर एक धारा अभियान चल्यो, पँधेरा र कुवा मासिए । धारा जोडिए, तर खानेपानीको मुहान सुकेपछि धारामा पानी आउन सम्भव भएन् ।

त्यसो त सम्भावित जोखिमको ख्याल गर्दै लुम्बिनी प्रदेश सरकारले गाउँ-गाउँमा रहेका पुराना पोखरी र पँधेरा पुनर्जीवित गर्ने गरी एक गाउँ एक पोखरी अभियान अघि बढायो । प्रदेश सरकारले दिन खोजेको सन्देश पोखरी जोगाऔं भन्ने हो, तर परम्परागत पोखरी जोगाउने सम्भव भएसम्म नयाँ बनाउन सरकारको मुख ताक्नु पर्दैन । स्थानीय तह, सामुदायिक वन समूहलगायत विभिन्न निकायले गर्न सक्छन् । समुदायको परिचालनबाट पानीका मुहान जोगाउने, पोखरी खन्ने अभियान चलाउने र त्यो अभियानमा सरकार सहयोगी बन्न सक्छ । यो बेला पोखरी, पँधेरा र कुवालाई पुनर्जीवित गर्न र भएका पानीका मुहान जोगाउन तहगत सरकारले प्राथमिकता दिनुपर्छ । पानी नै जीवन हो । मान्छेसहित सबै प्राणीको जीवन जोगाउन पानीका मुहान संरक्षण गरौं ।

# नेप्सेमा २० अङ्कको गिरावट



काठमाडौं । साताको पहिलो कारोबार दिन नेप्से परिसूचकमा गिरावट देखिएको छ । सोमबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) २०.२७ अङ्कले घटेर २७३५.१४ बिन्दुमा पुगेर बन्द भएको छ ।

कारोबारमा अधिकांश कम्पनीको शेयर मूल्य ओरालो लागेको छ । कुल ३५६ कम्पनीका ९२ लाख ३६ हजार ६७७ कित्ता शेयर किनबेच हुँदा ४ अर्ब ८ करोड ४८ लाख ९६ हजार १९० रुपैयाँ बराबरको कुल कारोबार भएको छ ।

समूहगत रूपमा फाइनान्स बाहेक अन्य सबै समूह घटेका छन् । अन्य र ट्रेडिङ सेक्टरमा एक प्रतिशतभन्दा धेरै घटेको छ । कारोबार भएका कम्पनीमध्ये ४३ वटाको शेयर मूल्य बढेको छ भने २२१ वटाको घटेको छ । ६ वटा कम्पनीको मूल्य भने स्थिर रह्यो ।

सबैभन्दा बढी नाफा कमाउनेमा कालिञ्चोक हाइड्रोपावर १४.९९ प्रतिशत र क्रेस्ट माइक्रो लाइफ १३.११ प्रतिशत रहेका छन् ।

कारोबार रकमका आधारमा सेन्ट्रल फाइनान्स अग्रस्थानमा रह्यो, जसको २० करोड ४६ लाख रुपैयाँ बराबरको शेयर किनबेच भयो ।

# संविधान : संशोधन यस्तो होस्



सुदर्शन अर्याल "शीतल"

आवश्यकताको सिद्धान्तअनुसार समयक्रममा सुधार गर्न सकिने विषय हो । वर्तमान संविधानमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीच शक्ति सन्तुलनको कमजोरी रहेको छ । माथि उल्लिखित सुझावहरुलाई छलफल गरी व्यवस्थित गरेमा यी अंगबीच सन्तुलन र नियन्त्रण हुन सक्छ । त्यस्तै प्रदेश संरचनालाई माथि उल्लिखित अनुरुप बनाउने हो भने देशको शासन व्यवस्था मितव्ययी, छरितो र परिणाममुखी पक्कै हुनेछ । साथै संविधान बढी वैज्ञानिक, दूरगामी र दूरदर्शी दस्तावेज बन्नेछ । भविष्यमा आउन सक्ने जटिलतालाई मिहिन ढंगबाट छलफल र विश्लेषण गरी संविधानलाई निष्कर्षमुखी बनाउन सकेमा पक्कै पनि जनहित र देशहितका लागि यसले सेतुको काम गर्नेछ ।

संविधान देशको मूल कानुन हो । हरेक देशका आ-आफ्नै खालका संविधान छन्, कतै लिखित त कतै अलिखित । संविधानको अधीनमा रही अन्य कानुन निर्माण गर्ने हुँदा यसलाई गतिशील र विशिष्टीकृत कानुनी दस्ताबेज पनि भनिन्छ । धेरै बहस र छलफलपछि नेपालको संविधान २०७२ संविधानसभाबाट लागू गरिएको हो । संविधान जारी भएको दश वर्ष भयो । यस अवधिमा संविधानको अक्षरशः पालन भयो/भएन, बाधा/अवरोध के रह्यो, जटिलताहरु कति सिर्जना भए, नेतृत्वको भूमिका कस्तो रह्यो ? आदि विषयमा छलफल र मनन गर्नुपर्ने बेला भएको छ ।

नेपाल धार्मिक सहिष्णुता तथा विविधतामा एकता भएको देश हो । बहुधार्मिक, बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, भौगोलिक तथा सामाजिक विविधता यहाँको पहिचान हो । संविधानले यी सबै पक्षहरुको हक-हित र अधिकारलाई समेट्ने प्रचुर प्रयास गरेको छ । संविधान प्रदत्त नेपाली जनता सार्वभौमसत्ता सम्पन्न हुन् । सुशासन, गरिबी निवारण, दिगो विकास, मानवअधिकारको रक्षा, भ्रष्टाचाररहित प्रशासन, समानता, विधिको शासन तथा समृद्ध नेपालको निर्माण यसको मूल ध्येय हो । संविधानको व्यावहारिक प्रयोगमा केही जटिलताहरु र द्विविधाहरु देखियो, विशेष गरी राज्यको संरचना र शासकीय स्वरुपमा ।

शासकीय स्वरुपमा केही सुधार, थपघट तथा परिमार्जन गर्नुपर्ने अनिवार्य देखिन्छ । हामीले बनाएको संविधान हजारौं वर्षसम्म पनि उपयुक्त होस् । हामीले गर्ने निर्णयले हजारौं वर्षपछिका हाम्रा सन्ततिले हाम्रा पुर्खा यस्ता थिए भनी गर्व गर्न पाऊन् । त्यहाँ स्वार्थ र असमानताको गन्ध कतै नदेखियोस् । गलत तर्कको अभिमानबाट हाम्रा निर्णयहरु ग्रसित हुनुहुँदैन । अरुको कुरा स्वीकार्न नसक्नु आफ्नो कुरा स्थापित गराउन नसक्नु हो । तसर्थ समस्याको साझा विन्दुमा सबैको एक मत हुनुपर्छ । छलफल र बहसलाई तीव्रता दिनुपर्छ । राम्रा पक्षहरुको अनुशरण गर्दै मिहिन ढंगबाट परीक्षण गरी समस्यालाई सरल र सरलीकृत बनाउनुपर्छ । राम्रा निर्णयहरु कार्यान्वयन गर्दा जटिलता हुन सक्छ । त्यसलाई इमानका साथ निरुपण गर्नुपर्छ । तसर्थ लम्बीय र क्षितिजीय कसीबाट परीक्षण गरी संविधानलाई सैद्धान्तिक दस्तावेज बनाउन सके यो सबैको साझा दस्ताबेज बन्न सक्छ ।

बालहठ राखेर भोलिको जटिलताको ख्याल नगरी 'मेरो गोरुको बाह्रै टक्का' भन्नु गलत हो । संविधान दुई-चार वर्षका लागि होइन, सयौं वर्षपछिसम्मको सैद्धान्तिक दस्ताबेज हो । देश र जनताको भविष्य कस्तो बनाउने ? हामीले बनाउने संविधानले निर्धारण गर्दछ । संविधान वर्तमान नभएर भविष्य हो, आज होइन भोलि हो । त्यसैले संविधान विगतको दृष्टान्त, वर्तमानको गति र भविष्यको पथ-प्रदर्शक हो । यो कुरा संघीय संसद्का सदस्यहरुले बुझ्न आवश्यक छ । रिस, आवेग र अहंकारबाट टाढा रहेर गरेको निर्णय निष्कर्षमुखी हुन्छ । संविधान समस्याको पोको होइन, समाधानको सारथी बन्नुपर्छ ।

नेपाल सरकारले संविधान संशोधन कार्यदल बनाएको छ । राज्य प्रणालीको दीर्घकालीन सुधार र स्थिरताका लागि कार्यपत्र तयार पारी छलफल चलाउने जिम्मासमेत दिइएको छ ।

उतार-चढावको लामो घटनाक्रमबाट पाठ सिक्दै सुझबुझका साथ समाधान उन्मुख संविधान संशोधन अबको अपरिहार्य आवश्यकता हो । समस्याबाट पाठ सिकेर समाधानतर्फ हाम्रो ध्यान जानुपर्छ । पुनः त्यही गल्ती दोहोर्‍याउने छुट अब कसैलाई छैन । 'म राम्रो, अरु नराम्रो' होइन, देश र जनताको हितका लागि म नराम्रो हुन तयार छु भन्ने हिम्मत गर्नुपर्छ । विगतकै जस्तो पटक-पटक संसद् विघटन, अवसरका लागि चाकडी-लेनदेन, भ्रष्टाचारलाई प्रश्रय, बेथिती, हुकुमी शैली, सत्ता-उन्माद, नागरिकप्रति उदासीन, कर्मकाण्डी राज्य सञ्चालन, सत्ताका लागि लुछाचुँडी, निरन्तर सरकार फेरबदल, सत्ताका लागि मोल-मोलाइका सम्झौता आदि संवैधानिक रुपमै निर्मूल पार्नुपर्छ ।

संसद्मा सधैंको झगडा र बाझाबाझ कुन संसदीय मर्यादा हो ? सच्चिने भनेर जनतालाई गरेको वाचा यही हो ? संघ, प्रदेश हुँदै स्थानीय तहसम्म मर्यादाविहीन क्रियाकलापले जनमतलाई कुल्चिने काम भइरहेको छ । भनसुन, चाकडी, चाप्लुसी र आसेपासेका लागि मात्रै राज्यसत्ता हो भने राणा र पञ्चायत कालमा के फरक भयो ? त्यही प्रवृत्तिको पुनरावृत्तिलाई लोकतन्त्र भन्ने वा लोकतन्त्रको ब्यानरमा मञ्चित लोकतान्त्रिक सामन्तवाद ! सत्ता सञ्चालनमा देखिएको व्यवहारले यसलाई हजारौंपटक पृष्टि गर्दैन र ?

नागरिकको समस्या एकातिर, सरकार र संसद्को रवैया अर्कोतिर । तै पनि यसलाई 'राजनीति' को संज्ञा दिएर देशलाई लुछ्नु लाजको विषय हो । भदौ २३-२४ गते जेन-जेडको त्यो विस्फोटक आन्दोलन, जसका कारण राष्ट्रले अपूरणीय क्षति व्यहोर्नुपर्‍यो । सयौंले ज्यान गुमाए । यसको जवाफदेहिता तत्कालीन सत्ताले लिनुपर्छ । यस्तो अवस्था यिनै सत्तालिप्साहरुको स्वेच्छाचारी र गैरजिम्मेवारीपनले आएको हो । तसर्थ, अब देश र नागरिकप्रति उत्तरदायी हुँदै असल सोंच र मनसायका साथ राज्य सञ्चालन अपरिहार्य देखिन्छ । हार्दा 'म' र जित्दा 'देश' भन्ने भावनाबाट ओतप्रोत भई आचरण, व्यवहार र संस्कार सुधार्दै संवैधानिक प्रावधानलाई सच्याउन सबै सांसद एक हुनुपर्छ ।

संस्कृति भनेको भावना हो, असल आचारण र व्यवहार हो, जीवन पद्धति हो । असल आचरण र व्यवहारको कसीमा नैतिकतालाई बाँध्न सक्नुपर्छ । सबै कुरा कोरिएका काला धर्साहरुले समेट्न सक्दैन । तसर्थ वर्तमान संविधानमा विशेष गरी शासकीय स्वरुप र राज्यको संरचनालाई केही परिमार्जन गर्न सकेमा देश सुशासन र दिगो विकासतर्फ अगाडि बढ्नेछ अनि राजनीतिक स्थिरता पाइनेछ । त्यसैले शासकीय स्वरुप सुधारका लागि यहाँ केही सुझाव प्रस्तुत गरिएको छ ।

**संघीय व्यवस्थापिका**

नेपालको संविधान २०७२ को धारा ८४ (१) मा गर्नुपर्ने सुधारका कुरा गरौं । सर्वप्रथम प्रतिनिधिसभातर्फको सुधारका कुरा उठान गर्नु सान्दर्भिक हुन्छ । १४१ जना प्रत्यक्ष निर्वाचित तथा ९४ सामानुपातिक गरी २३५ जनाको प्रतिनिधिसभा गर्ने । त्यस्तै एक तिहाइ महिला निर्वाचित गर्न प्रत्येक जिल्लामा हुने निर्वाचन क्षेत्रमा उम्मेदवारी दिँदा ३३ प्रतिशत महिला हुने गरी १ बाट बढ्दो क्रममा महिलाले मात्र उम्मेदवारी दिने व्यवस्था गर्ने । जस्तै- काठमाडौं जिल्लामा १० निर्वाचन क्षेत्र छ । यसको ३३ प्रतिशत गर्दा महिला ४ जना र पुरुष ६ जना निर्वाचित हुनुपर्छ । त्यसका लागि क्षेत्र नं. १, २, ३ र ४ महिला उम्मेदवारका लागि मात्र । जुनसुकै राजनीतिक दलले उम्मेदवारी दिँदा यी चार क्षेत्रमा महिलाको मात्र उम्मेदवारी दिने । यसमा पुरुषले उम्मेदवारी दिन नपाउने । त्यस्तै अर्को झापा जिल्लामा ५ निर्वाचन क्षेत्र छ । यसमा २ जना महिला र ३ जना पुरुष निर्वाचित हुनुपर्छ । त्यसका लागि १ र २ क्षेत्र महिलाका लागि । यसै गरी अन्य जिल्लाका निर्वाचन क्षेत्रमा पनि ३३ प्रतिशतले हुन आउने संख्या एकिन गरी शुरु अंकबाट आउने निर्वाचन क्षेत्र महिलाका लागि अनिवार्य गर्ने ।

**यसो किन** : महिलाहरु निर्वाचन लड्न सक्दैनन् भन्ने भावना हटाउन । महिलामा साक्षरता प्रतिशत वृद्धि गर्न । महिला/पुरुष आनुपातिक निर्वाचित हुन । महिलाको लागि निर्वाचन क्षेत्र निश्चित गर्न । महिलाको अधिकार दीर्घकालीन रुपमा सुनिश्चित हुन यसो गर्नु उचित हुन्छ ।

तर प्रत्यक्ष निर्वाचत कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपति दुवै राख्न हुँदैन । संसद्बाट निर्वाचित प्रधानमन्त्री नै ठीक छ । बरु सबै पार्टीले चुनावअघि भावी प्रधानमन्त्री घोषणा गरेर चुनावमा जान सक्छन् । त्यो राम्रो पनि हुन्छ, बढी प्रजातान्त्रिक पनि देखिन्छ । घोषित उम्मेदवारले जिते वा सो सम्बद्ध पार्टीले बहुमत ल्याए उसैको नेतृत्वमा सरकार बन्छ, नजिते वा बहुमत नल्याए बन्दैन । अर्कोको बन्छ । सुधारको नाममा कार्यकारीको अलग, संसद्को अलग परिपाटी बनाइयो भने गम्भीर संवैधानिक जटिलता आउने प्रस्ट देखिन्छ । त्यसैले त्यस्तो प्रावधानपट्टि नलाग्दा नै राम्रो । मानौं कुनै 'ए' पार्टीको प्रत्यक्ष प्रधानमन्त्री वा राष्ट्रपति चुनियो तर संसद्मा सो पार्टीको बहुमत आएन । यस्तो अवस्थामा प्रत्यक्ष निर्वाचित कार्यकारीले झन् कुनै पनि काम गर्न सक्दैन । ऐन-कानुन बनाएर संसद्बाट पास गर्न सक्दैन । उसले ल्याएका योजना संसद्ले असफल गराउँछ । विपक्षीको बहुमत हुने हुँदा बजेट नै पास गर्न नसक्ने अवस्थामा पुग्छ । सरकार सञ्चालनमा गम्भीर जटिलता सिर्जना हुन्छ ।

नेपालको संविधान २०७२ को धारा ८६ (२) मा गर्नुपर्ने सुधार अर्को छ । राष्ट्रिय सभातर्फको कुरा गर्दा एक जिल्ला एक निर्वाचन क्षेत्र हुने गरी ७७ जनाको प्रत्यक्ष निर्वाचित राष्ट्रिय सभा गठन गर्ने । २५-२५-२७ हुने गरी कार्यकाल विभाजन गर्ने । राष्ट्रियसभा सदस्य हुन अनिवार्य स्नातक पास गरेकै हुनुपर्ने व्यवस्था गर्नुपर्छ ।

यसो किन ? : प्रत्येक जिल्लाको प्रतिनिधित्व हुने, योग्य, दक्ष र अनुभवीहरुको प्रवेश हुने, बूढाहरुको नभएर शिक्षितहरुको सभा हुने हुन्छ ।

**संघीय कार्यपालिका**

संविधानको धारा ७६ को(२) का सम्बन्धमा कुरा गरौं । कुनै दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दल वा सांसदहरुको समर्थनमा बहुमत प्राप्त गर्ने प्रतिनिधिसभा सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्ति गर्नुपर्छ । त्यस्तो समर्थन दिने दल वा सांसदले ५ वर्षसम्मै समर्थन फिर्ता गर्न वा अविश्वासको प्रस्ताव राख्न पाउनुहुँदैन । त्यस्तै मन्त्रिपरिषद्ले गर्ने संवैधानिक निर्णयबाहेक अन्य राष्ट्रिय महत्वका निर्णयहरु संसद्को बहुमतबाट पारित गराउनुपर्छ ।

यसै गरी कार्यपालिकाले गरेका संवैधानिक निर्णयहरु अदालतको क्षेत्राधिकार भित्र नपर्ने हुनुपर्छ । तर यदि त्यस्तो निर्णय गलत छ भन्ने संसद् वा व्यवस्थापिकालाई लागेमा कार्यपालिकाले गरेको त्यस्तो निर्णय व्यवस्थापिकाबाट अनुमोदन गराउनुपर्ने हुन्छ । अनुमोदन नभएमा त्यस्तो निर्णय स्वतः बदर हुनुपर्छ । प्रधानमन्त्रीलाई दुई तिहाइ बहुमतबाट मात्र हटाउन सकिने प्रावधान हुनुपर्छ । प्रधानमन्त्री संसद्प्रति उत्तरदायी हुनुपर्छ । प्रधानमन्त्रीबाट संसद् विघटन गर्न नसकिने हुनुपर्छ । प्रधानमन्त्री दुई कार्यकालभन्दा बढी हुन नपाउने हुनुपर्छ ।

नेपालको संविधान २०७२ को धारा ७६ (९) मा सुधार गर्नुपर्नेछ भने धारा ७८ खारेज हुनुपर्छ । त्यसरी नियुक्ति भएको प्रधानमन्त्रीले सम्बन्धित क्षेत्रमा दक्षता र विज्ञता हासिल गरेका बढीमा १७ जना गैरसांसदलाई राष्ट्रिय सभाबाट अनुमोदन गराई मन्त्रिपरिषद् गठन गर्न सक्ने हुनुपर्छ । धारा ७७ (ख) खारेज गर्नुपर्छ ।

**यसो किन** ? : सुशासन कायम गर्न, स्थायी सरकार सञ्चालन गर्न, दीर्घकालीन राजनीतिक स्थिरता कायम गर्न, दिगोरुपमा आर्थिक, सामाजिक र प्रशासनिक सुधार गर्न, अप्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्न यसो गरिनु उचित हुन्छ ।

**न्यायपालिका**

धारा १३३ मा थप गर्नुपर्ने कुरामा कार्यपालिकाले गर्ने कुनै पनि संवैधानिक निर्णयहरु अदालतको क्षेत्राधिकारभित्र नपर्ने गरिनुपर्छ ।

**यसो किन** ? : कार्यपालिका व्यवस्थापिकाप्रति उत्तरदायी हुने हो, न्यायालयप्रति होइन । कार्यपालिकालाई व्यवस्थापिका र न्यायपालिका दुवैको नियन्त्रणबाट बाहिर राख्न यसो गर्नुपर्छ । कार्यपालिका देशको प्रशासनिक मुटु हो । यसले प्रचलित कानुन र संविधानको अधीनमा रहेर निर्बाध निर्णय गर्न पाउनुपर्छ । तर सोही निर्णयलाई लिएर हुने अदालती हस्तक्षेप रोक्नका लागि माथिको बुँदा थप्नुपर्छ । त्यस्तै कार्यपालिकाले निर्णय गर्ने, विपक्षीले मुद्दा हाल्ने र अदालतले रोक्ने हो भने कार्यकारीको औचित्य रहँदैन । तसर्थ कार्यकारीको औचित्य पुष्टि गर्न पनि यसो गर्नु उचित हुन्छ ।

नेपालको शासकीय संरचना तीन तहको छ- संघ, प्रदेश र स्थानीय तह । संघका विषयमा केही सुझावहरु माथि उल्लेख गरियो । स्थानीय तह महत्वपूर्ण तह हो । प्रदेशका सम्बन्धमा कुरा गर्दा प्रदेश ठीक छ, तर प्रदेश संरचनालाई केही परिमार्जन गर्नुपर्ने देखिन्छ । अहिलेको सात प्रदेशलाई यथावत् राखी प्रदेशको शासकीय संरचनालाई खारेज गरेर प्रदेश परिषद्मा रुपान्तरण गर्नुपर्छ । प्रत्येक प्रदेशबाट एकजना प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री र सोही प्रदेशमा भएका स्थानीय तहका मेयर-उपमेयर तथा अध्यक्ष-उपाध्यक्षसहितको प्रदेश परिषद् गठन गर्ने । प्रदेश परिषद्को अध्यक्षता मुख्यमन्त्रीले गर्ने । परिषद्ले स्थानीय तहसँग समन्वय गर्ने, आवश्यक कानुन बनाउनेलगायत विकास निर्माणसँग सम्बन्धित काम गर्नेछ ।

**यसो किन** ? : ६-६ महिनामा हुने सत्ता परिवर्तन रोक्न, प्रदेश संरचना सत्ताको खेल र झगडाको लागि होइन भन्ने प्रमाणित गर्न, अनावश्यकरुपमा राष्ट्रलाई भएको आर्थिक भार कम गर्न, प्रदेश र स्थानीय तहबिच स्पष्ट समन्वय, सहकार्य र सन्तुलन कायम गर्न, राज्यको शासकीय संरचनाको सञ्जाल मितव्ययी, पारदर्शी र वैज्ञानिक बनाउन अनि जनताको काम छिटोछरितो गर्न र विकास निर्माणको कामलाई तीव्रता दिन यसो गर्नु उचित हुन्छ ।

**निर्वाचन प्रणालीका सम्बन्धमा**

अहिले जुन खालको मिश्रित निर्वाचन प्रणाली छ, त्यो समय सान्दर्भिक छ । जहाँसम्म खर्चिलो भयो वा राज्यकोषबाट राजनीतिक दललाई खर्च दिने भन्ने कुरा छ, यो सरासर गलत हुनेछ । नेपालको भौगोलिक अवस्था, सामाजिक संरचना र सांस्कृतिक विविधताका कारणले अहिले निर्वाचन आयोगले निर्दिष्ट गरेको खर्चको सीमा सान्दर्भिक छ । तर यसैलाई बहाना बनाएर राज्यकोषलाई फेरि दोहन गर्ने प्रपञ्च गर्नु उचित होइन । बरु यसलाई समयानुकूल परिमार्जन गरी सरल र वैज्ञानिक बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

**निर्वाचन तालिका यस्तो होस्**

संघ, प्रदेश र स्थानीय तहको निर्वाचन प्रत्येक पाँच वर्षमा हुने । निर्वाचन मिति चैत्र महिनाको पहिलो शुक्रबार नै हुने गरी निश्चित गर्ने । अन्य मितिमा निर्वाचन नगराउने । वैशाख २ गते शपथग्रहण तथा कार्यकाल प्रारम्भ हुने । खाली भएका निर्वाचित पदको निर्वाचन गराउँदा चैत्र महिना नै कुर्नुपर्ने । त्यसरी निर्वाचित भएका पदहरु आवधिक निर्वाचनमा एकैपटक समाप्त हुने । मानौं, २०८४ वैशाख ७ गते कुनै एक सांसदले पदबाट राजीनामा दिए, त्यस्तै २०८४ माघ १० गते अर्को मेयरको मृत्यु भयो भने त्यस्तो खाली भएको निर्वाचित पदको निर्वाचन २०८४ चैत्र महिनाको पहिलो शुक्रबार नै गराउने ।

यसो किन ? : निर्वाचन आयोगले पूर्ण तयारी गर्ने समय पाउँछ । चुनाव कहिले होला, के होला भन्ने द्विविधा हट्छ । कुन तहको कहिले चुनाव भयो, कति अवधि हो भन्ने विवाद निरुपण हुन्छ । समय तालिका निश्चित हुँदा पूर्वतयारी राम्रो हुन्छ ।

मौलिक हक, राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्व र अन्य संवैधानिक हक-अधिकारहरु ठीक छ । आवश्यकताको सिद्धान्तअनुसार समयक्रममा सुधार गर्न सकिने विषय हो । वर्तमान संविधानमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबिच शक्ति सन्तुलनको कमजोरी रहेको छ । माथि उल्लिखित सुझावहरुलाई छलफल गरी व्यवस्थित गरेमा यी अंगबिच सन्तुलन र नियन्त्रण हुन सक्छ । त्यस्तै प्रदेश संरचनालाई माथि उल्लिखित अनुरुप बनाउने हो भने देशको शासन व्यवस्था मितव्ययी, छरितो र परिणाममुखी पक्कै हुनेछ । साथै संविधान बढी वैज्ञानिक, दूरगामी र दूरदर्शी दस्ताबेज बन्नेछ । भविष्यमा आउन सक्ने जटिलतालाई मिहिन ढंगबाट छलफल र विश्लेषण गरी संविधानलाई निष्कर्षमुखी बनाउन सकेमा पक्कै पनि जनहित र देशहितका लागि यसले सेतुको काम गर्नेछ ।

समाचारपत्रबाट

## अर्थमन्त्री...

पारदर्शी संसदीय प्रक्रियाले कि कार्यपालिकाको प्रशासनिक आदेशले ?

संसद र नियामक निकायहरूले यसलाई कसरी लिन्छन्, त्यसले नै नेपालको लोकतान्त्रिक अभ्यासको भविष्य निर्धारण गर्नेछ । नेपालको संसदमा कुनै पनि विधेयक (विशेषगरी आर्थिक विधेयक वा बजेट) दर्ता भइसकेपछि त्यसमा गरिने संशोधन प्रक्रिया निकै औपचारिक र कानुनी विधिबाट चल्नुपर्छ। 'प्रतिनिधि सभा नियमावली, २०७९' अनुसार यसका प्रमुख चरणहरू निम्न बमोजिम हुन्छन् : सरकारले संसदमा बजेट (आर्थिक विधेयक) पेस गरिसकेपछि त्यो संसदको सम्पत्ति हुन्छ। त्यसपछि सरकारले चाहेर पनि सिधै मन्त्रालयको पत्राचारका भरमा त्यसमा हेरफेर गर्न पाउँदैन। यदि सरकार वा कुनै सांसदले पेस भइसकेको विधेयकमा कुनै प्रावधान सच्याउन वा थपघट गर्न चाहे भने त्यसका लागि तोकिएको समयसीमाभित्र संशोधनको सूचना दिनुपर्छ।

यो सूचना संसद सचिवालयमा दर्ता हुनुपर्छ। सभामुखले उक्त संशोधन प्रस्तावलाई प्रक्रियामा लैजाने वा नलैजाने निर्णय गर्छन्। संसदमा दर्ता भएका संशोधन प्रस्तावहरूमाथि सदनमा वा सम्बन्धित संसदीय समितिमा दफावार छलफल हुन्छ।

कुनै पनि संशोधनलाई त्यसबेलासम्म आधिकारिक मानिँदैन जबसम्म संसदको बैठकले त्यसलाई अनुमोदन गर्दैन । छलफलका क्रममा उठेका विषयहरू र प्रस्तावित संशोधनहरूलाई सदन वा समितिले स्वीकार गरेमा मात्र ती विधेयकको अंश बन्न सक्छन् । छलफल र संशोधनपछि विधेयकलाई निर्णयार्थ पेस गरिन्छ। जब सदनले बहुमतले विधेयक पारित गर्छ, तब मात्र त्यो कानुन बन्न योग्य हुन्छ। तर, कतिपय करका दर जेठ १५ देखि नै लागू भइसकेका छन्।

**किन अर्थ मन्त्रालयको हालको शैली 'प्रक्रियागत त्रुटिपूर्ण' छ ?**

संसदमा टेबल भइसकेको विधेयकमा प्रशासनिक पत्र पठाएर संशोधन गराउनु संसदको सर्वोच्चता विपरीत मानिन्छ। यसरी पत्राचारबाट मात्रै विधेयक सच्याउने अधिकार मन्त्रालयलाई छैन । यदि सचिवालयले सुरुमा दर्ता गर्न इन्कार गरेको थियो भने पछि दबाबमा आएर दर्ता गर्नुले संसदको प्रशासनिक तटस्थतामाथि नै प्रश्न उठाउँछ।

बजेट प्रस्तुत गरिसकेपछि गरिने यस्ता फेरबदलले संसदमा छलफलको अवसर पाउँदैनन् । सांसदहरूले नपढेको वा छलफल नगरेको प्रावधान कानुन बन्नु संसदीय अभ्यासको धज्जी उडाउनु हो। किनकि कर लगाउने सम्पूर्ण अधिकार निर्वाचित सांसदमा हुन्छ। नो ट्याक्सेसन विथआउट रेप्रिजेन्टेसन विश्वभर चलेको अभ्यास हो।

संसदीय नियमअनुसार बजेट भाषणपछि कुनै पनि करका दर वा नीतिमा परिवर्तन गर्नुपरेमा सरकारले संशोधन विधेयक वा संसदको प्रक्रियामार्फत नै अघि बढ्नुपर्छ । पत्राचार वा प्रशासनिक आदेशका भरमा 'बजेटमा करेक्सन' गर्नु संवैधानिक र संसदीय लोकतन्त्रको मूल्य-मान्यताभन्दा बाहिरको कार्य हो।

संसदीय प्रक्रिया र आर्थिक विधेयकको हकमा नेपालको प्रतिनिधि सभा नियमावली, २०७९ र नेपालको संविधानले स्पष्ट व्यवस्था गरेका छन् । आर्थिक विधेयक र करसम्बन्धी संवैधानिक व्यवस्था (संविधानको धारा ११९ र ११०) : नेपालको संविधानका धारा ११९ (बजेटको अनुमान) र धारा ११० (विधेयक प्रस्तुत गर्ने विधि) बमोजिम आर्थिक विधेयक सरकारले पेस गर्छ। संविधानले कर लगाउने वा बढाउने अधिकार संसदलाई मात्र दिएको छ। यदि सरकारले बजेट पेस गरेपछि त्यसमा केही परिवर्तन गर्नुपरेमा संसदको निर्णयबाट मात्र गर्नुपर्छ।

नियम ११९ (संशोधनको सूचना) : विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत भएपछि कुनै पनि सदस्यले विधेयकको कुनै दफामा संशोधन राख्न चाहेमा तोकिएको समयभित्र संशोधनको सूचना दिनुपर्छ।

विधेयक प्रस्तुतकर्ता (अर्थात् अर्थमन्त्री) को सहमतिमा विधेयकमा संशोधन हुन सक्छ, तर त्यो प्रक्रिया सदनको बैठक कक्षमा वा तोकिएको समयभित्र दर्ता भएर मात्र सम्भव हुन्छ।

यदि सरकारले विधेयकमा केही परिवर्तन गर्न चाहन्छ भने, उसले सदनको अनुमति लिएर मात्र त्यो गर्न पाउँछ । सिधै सचिवालयमा पत्र पठाएर 'करेक्सन' गराउने व्यवस्था नियमावलीमा कतै छैन। संसद सचिवालयका कर्मचारीहरूलाई नियमहरूले 'सचिवालयको प्रक्रिया' भित्र काम गर्न निर्देशित गर्छन् । संसद सचिवालयले कुनै पनि मन्त्रालयको पत्राचारका आधारमा 'संसदमा टेबल भइसकेको दस्तावेज' लाई सच्याउनु भनेको संसदीय सर्वोच्चताको उल्लंघन हो। टेबल भइसकेको विधेयक भनेको 'सार्वजनिक सम्पत्ति' हो । त्यसमा मन्त्रालयको एकलौटी निर्णय लागू हुन सक्दैन।

यदि बजेटको आर्थिक पक्षमा कुनै त्रुटि भएको छ भने त्यसलाई सच्याउने वैधानिक बाटो भनेको 'अर्थ समिति' वा 'सम्बन्धित संसदीय समिति'को बैठक हो । समितिले मन्त्रालयका अधिकारीहरूलाई बोलाएर त्रुटि सच्याउन निर्देशन दिन सक्छ। समितिको प्रतिवेदन सदनमा पेस भएपछि मात्रै त्यो संशोधनले कानुनी वैधता पाउँछ।

बजेट भनेको संसदको अधिकार हो, कार्यपालिकाको होइन । कार्यपालिकाले पत्राचारमार्फत् संसदको रेकर्ड बदल्न खोज्नु भनेको शक्ति पृथकीकरणको सिद्धान्त विरुद्ध हो।

जनताका प्रतिनिधि (सांसद) ले थाहा नपाउने गरी मन्त्रालय र सचिवालयको गोप्य कोठामा करका दरहरू बदल्नुले 'संस्थागत भ्रष्टाचार'लाई बढावा दिन्छ।

संसदका कर्मचारीहरूले कानुनतः नमान्नुपर्ने कुरा दबाबमा आएर दर्ता गर्नुले राज्यका निकायहरू कति निरीह छन् भन्ने देखाउँछ।

तसर्थ, डा. वाग्लेले अपनाएको यो 'करेक्सन' पद्धति संसदीय इतिहासमै एउटा गम्भीर नजिर बन्न सक्छ। यदि संसदले यसलाई अहिले नै प्रश्न उठाएन भने, भोलिका दिनमा कुनै पनि सरकारले बजेट संसदमा पेस गरेपछि जतिबेला पनि आफ्ना स्वार्थका लागि पत्राचारमार्फत हेरफेर गर्न सक्छन्।

त्यसैले यसमा संसदको सर्वोच्चता र प्रक्रियागत शुद्धतामाथि प्रश्न उठ्छ। संसदमा दर्ता भइसकेको विधेयकमाथि संशोधन गर्ने अधिकार संविधान र नियमावलीअनुसार संसदलाई छ कि कार्यपालिकालाई ? विधेयक संसदमा टेबल भइसकेपछि त्यसलाई 'सच्याउने' अधिकार संसद सचिवालय वा मन्त्रालयलाई कुन कानुनले दिन्छ ? सुरुमा दर्ता गर्न अस्वीकार गरिएको पत्राचारलाई पछि कुन कानुनी आधारमा र कसको दबाबमा दर्ता गरियो ? के यो संसदको स्वतन्त्रतामाथि हस्तक्षेप होइन ?

यसका साथै, यो प्रकरणले सरकारको पारदर्शिता र जवाफदेहितामाथि प्रश्न पनि उठाएको छ । बजेटजस्तो संवेदनशील दस्तावेज प्रस्तुत गरिसकेपछि त्यसको प्रावधानमा गरिएका फेरबदलहरूले बजेटको गोपनीयता र शुद्धतालाई जोखिममा पारेनन् ? यसको जिम्मेवारी कसले लिने ?

के यो संशोधन प्रस्ताव सदनमा छलफलका लागि पेस गरिएको थियो ? यदि थिएन भने सांसदहरूले छलफल गर्न नपाएको प्रावधान कसरी कानुन बन्न सक्छ ?

बजेटमा 'टेक्निकल करेक्सन' को नाममा गरिएका फेरबदलहरू साँच्चै प्राविधिक मात्र हुन् वा तिनले राजस्वको दर वा नीतिमा कुनै परिवर्तन गरेका छन् ? यसको स्वतन्त्र अडिट गर्ने कि नगर्ने ? बजेट भाषणपछि हतारमा गरिएका यी संशोधनहरूले कुनै विशिष्ट उद्योग वा व्यापारिक घरानालाई लाभ पुर्‍याउने उद्देश्य राखेका छन् कि छैनन् ? अर्थ समितिले यसको छानबिन गर्नुपर्छ।

मन्त्रालयका अधिकारीहरूले अर्थ समितिसँग परामर्श नगरी यस्तो ठूलो कदम चाल्नुमा कुनै बाह्य स्वार्थ समूहको प्रभाव छ कि छैन, यसमा अनुसन्धान आवश्यक छ।

यदि आज एउटा मन्त्रालयले पत्राचारका भरमा कानुन सच्याउन पाउँछ भने भोलि अरू मन्त्रालयले पनि यस्तै अभ्यास गरे संसदको औचित्य के रहन्छ ?

संसद सचिवालयका कर्मचारीहरूलाई राजनीतिक दबाबबाट मुक्त राख्न र सचिवालयको तटस्थता कायम राख्न संसदीय समितिले कस्तो पहल गर्छ ? यो प्रकरणमा अर्थमन्त्रीको जवाफदेहितामाथि गम्भीर प्रश्न पनि उठाएको छ।

एक अर्थशास्त्री र अर्थमन्त्रीका रूपमा डा. स्वर्णिम वाग्लेले यो 'प्रक्रियागत त्रुटि' को नैतिक जिम्मेवारी लिने कि नलिने ? बजेट निर्माणको सुरुवाती चरणमै यति ठूलो त्रुटि हुनु अर्थ मन्त्रालयको कार्यक्षमतामाथि प्रश्न होइन ? यसमा सुधार गर्न मन्त्रालयले कस्तो संयन्त्र बनाउँछ ?

यी प्रश्नहरूले संसदीय गरिमा र कानुनको शासनलाई केन्द्रमा राख्छन्।

त्यसैले यदि जनताका निर्वाचित प्रतिनिधि तथा संसदीय समितिले यसलाई गम्भीर रूपमा नलिए नेपालको संसदीय इतिहासमा यो प्रकरण एउटा गलत नजिरको रूपमा रहनेछ।

## रविको...

पुनले प्रधानमन्त्रीको विषय सच्चिनुपर्छ, संसद्को रेकर्डबाट हट्नुपर्छ भनेका थिए।

प्रतिनिधिसभा बैठकमा पनि विपक्षी दलहरूले अवरोध कायमै राखेका छन् । विपक्षीको अवरोधका कारण संसद वैठक स्थगित भएको छ।

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले प्रधानमन्त्री वालेन्द्र शाहले सीमाको विषयमा बोलेको अभिव्यक्ति सच्याउनुपर्ने माग गरेका छन्।

प्रतिनिधिसभाको बैठकमा बोल्दै साम्पाङले सीमाको विषयमा बोलेको कुरा सच्याउन माग गरेका हुन्।

'सीमाको विषय प्रधान विषय हो,' साम्पाङले भने-'अविलम्ब सच्याइनुपर्छ।'

प्रधानमन्त्री शाहले प्रतिनिधि सभाको बैठकमा नेपालले पनि भारतको जमिन मिचेको अभिव्यक्ति दिएका थिए । त्यसलाई लिएर साम्पाङले विरोध जनाएका हुन्।

अध्यक्ष साम्पाङले आफूले माफी शब्द प्रयोग नगर्ने बताए। माफी माग्नु नपर्ने बरु आफ्नो भनाइ सच्चिनुपर्ने उनको भनाइ थियो।

'अरूले आएर सच्याइदिने पनि भन्ने कुरा सुनिएको छ, त्यो मान्य हुँदैन,' साम्पाङले भने-'अरुले गरे हुँदैन, प्रधानमन्त्रीले नै संसद्मा आएर सच्याउनुपर्छ।'

अनुसूची १५
(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

## काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०२/२६

श्री जनउदय सामुदायिक वन उपभोक्ता समूह सुनवल-३, नवलपरासी वन क्षेत्रबाट नियमानुसार आ.व. २०८२/०८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार पुनरुत्पादन तथा ढलापढा रुखहरु कटान गरी उत्पादन भई समूहको घाटगद्दीमा लट कायम गरी राखिएका साल, असना, जामुना लगायत विभिन्न जातका ५ वटा लट जम्मा ५७८६.६५ क्यु.फि. ५३४ थान काठ/दाउरा जे जस्तो अवस्थामा छ। आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक वन पैदावरमा आधारित उधोगले यो प्रथम पटक सूचना प्रकाशित गरेको मितिले २१ दिन भित्रमा प्रत्येक लटको छुट्टा छुट्टै शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको २ बजेभित्रमा गोप्य सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण ब्यो होराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जनउदय सामुदायिक वन उपभोक्ता समूह**
**सुनवल-३, नवलपरासी**

## सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि.को सकार गरेको सम्पत्ति लिलाम विक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मितिः २०८३ जेष्ठ २६ गते मंगलबार

यस सामूहीक विकास बचत तथा ऋण सहकारी संस्था लि. बाट प्रवाह गरिएको ऋणको असुली प्रकृयाको क्रममा धितो सकार भई संस्थाको नाममा दर्ता रहेको तपशील बमोजिमको घर जग्गा तथा अन्य सम्पत्तिहरु सम्बन्धित ऋणीहरुले ऋणको सावाँ तथा व्याज नियमित रुपमा भुक्तानी नगरी ऋण सम्झौता उल्लङ्घन गरेको तथा पटक-पटक तकेता गर्दा समेत ऋण भुक्तानी नगरेको हुँदा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ एवं लुम्बिनी प्रदेश सहकारी ऐन २०७६ तथा लुम्बिनी प्रदेश सहकारी नियमावली २०७६ बमोजिम मिति २०८२/०३/१५ मा धितो सकार गरी संस्थाको नाममा दर्ता गरिएको जानकारी गराइन्छ।

अतः सहकारी ऐन २०७२ तथा सहकारी नियमावली २०७५ को परिच्छेद ८ को दफा ३६ बमोजिमको हदम्याद पुगेको साथै राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मिति २०८२/०२/०९ गते जारी गरेको मापदण्डको दफा ७.२ अनुसार उक्त सम्पत्तिहरु जहाँ जुन अवस्थामा छन् सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि ७ (सात दिन) भित्र इच्छुक व्यक्ति, फर्म वा संस्थाहरुले यस संस्थाको कार्यालयमा सम्पर्क राखी तोकिए बमोजिम बोलपत्र फारम खरिद गरी आवश्यक कागजात सहित बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

उक्त म्यादभित्र प्राप्त बोलपत्रहरुमध्ये सबैभन्दा बढी मूल्य प्रस्ताव गर्ने बोलपत्रदातालाई प्राथमिकता दिइनेछ। कुनै पनि बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।

**लिलाम गर्नुपर्ने सम्पत्तिको विवरण**

| क्र.सं | जिल्ला | स्थानिय तह | वडा नं/नक्सा सिट नं | कित्ता नं | क्षेत्रफल (विघा) | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | साविक गंगोलिया गा.वि.स (हाल तिलोत्तमा न.पा १७) | ७/क | ६४८ | ०-१०-५ | रू.५७,८७,३५५।५७ | जग्गा |
| २ | रुपन्देही | साविक बुटवल न.पा (हाल बुटवल उप.म.न.पा ११) | ९ क | १०५६५ | ०-०-४.७५ | रु.६७,३२,५००।- | घर जग्गा |
| ३ | रुपन्देही | साविक हाटीफर्साटिकर गा.वि.स (हाल ओमसतिया गा.पा ३) | ९ ख | १४७ | ०-१२-१.५ | रु.९०,२२,६०७।८५ | जग्गा |
| ४ | रुपन्देही | साविक टिकुलीगढ गा.वि.स (हाल तिलोत्तमा न.पा १४) | ७ क | ८६६ | ०-१३-१४ | रु.१,१०,९०,०००।- | जग्गा |

**शर्तहरुः**

१. बोलपत्र सम्बन्धी फारम संस्थाको मुख्य कार्यालयबाट रु.१०००।- (अक्षरुपीः एक हजार रुपैया मात्र) (फिर्ता नहुने गरी) भुक्तानी गरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र स्वीकृत भएको सोही दिन वा अर्को दिन भित्र आफूले कबोल गरेको रकमको १० प्रतिशत रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरि संस्थाको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड बैंक मा रहेको खाता नं १५१०१००००००६२०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्दछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ।
३. बिक्री सम्बन्धी निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दावी गर्न पाइने छैन।
४. लिलाम बिक्री गर्ने जग्गा स्थलगत रुपमा हेर्न चाहाने व्यक्ति/फर्म/कम्पनी वा संघ संस्थाले कार्यालय समयमा संस्थाको मुख्य कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
५. दा.खा. र नामसारी गर्दा नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण करहरु बोलकबोलवाला (खरिदकर्ता) ले व्यहोर्नु पर्दछ।
६. बोलपत्र स्वीकृत भएको मितिले १५ दिन भित्र बाँकी रकम बैंक दाखिला गरी नामसारी गरी लिनु पर्दछ। अन्यथा धरौटी रकम संस्थाले जफत गर्न सक्नेछ।
७. उक्त म्यादभित्र प्राप्त बोलपत्रहरुमध्ये सबै बढी मूल्य प्रस्ताव गर्ने बोलपत्रदातालाई प्राथमिकता दिइनेछ। कुनै पनि बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
८. अन्यः

| बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/०३/०१ गते सोमवार | |
|---|---|
| बोलपत्र खोल्ने मितिः २०८३/०३/०१ गते | समयः दिउँसो ३:०० बजे |
| स्थानः तिलोत्तमा न.पा ३, शंकरनगर, रुपन्देही | फोन नंः ०७१-४१४३११, ९८५७०७६३११ |

## धितो लिलाम बिक्री गरी साँवा ब्याज र हर्जानाको असुल उपर गरिने बारे सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि.को अत्यन्त जरुरी सूचना।

प्रकाशित मितिः २०८३/०२/२६ गते मंगलबार

यस सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. का तपशिल वमोजिमका ऋणीले यस संस्थावाट लिएको ऋणको नियमित रुपमा सावाँ तथा व्याज भुक्तानी नगरी ऋण लिंदाका वखत गरेको शर्त उल्लङ्घन गरी ऋण भाखा नघाएको हुँदा ऋण असुलीका लागि पटक पटक तर-ताकेता गर्दा पनि ऋण भुक्तानी नगरेकोले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को परिच्छेद ८, नियम ३० को उपनियम १ (क) तथा लुम्विनी प्रदेश सहकारी ऐन २०७६, सहकारी नियमावली २०७६ को परिच्छेद ६, नियम २३ को उपनियम १ (क) वमोजिम सम्वन्धित ऋणीलाई प्रथम पटक ३५ दिनको म्याद दिई मिति २०८२ साल जेष्ठ १३ गते राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गरिएकोमा उक्त म्यादभित्र पनि तिर्नु, वुझाउनुपर्ने सम्पूर्ण रकम तिर्न, वुझाउन नआएको एवं तिरी वुझाई सकेको प्रमाण पेश नगरेकाले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को परिच्छेद ८, नियम ३० को उपनियम १ (घ) वमोजिम तथा लुम्विनी प्रदेश सहकारी ऐन तथा नियमावली २०७६ को परिच्छेद ६, नियम २३ को उपनियम १ (घ) वमोजिम यो सूचना प्रकाशित भएको मितिले पैतिस दिनभित्र सावाँ, व्याज र हर्जाना वापतको सम्पूर्ण रकम चुक्ता गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समयावधिभित्र समेत सावाँ, व्याज र हर्जाना वापतको रकम चुक्ता नगरेमा सहकारी ऐन २०७४ तथा नियमावली २०७५ को परिच्छेद ८, नियम ३० को उपनियम १ (ङ) एवं लुम्विनी प्रदेश सहकारी ऐन तथा नियमावली २०७६ को परिच्छेद ६, नियम २३ को उपनियम १ (ङ) वमोजिम सूचना प्रकाशित भएको मितिले ३६ औं दिन मिति २०८३ साल असार २९ गते मंगलवार (सार्वजनीक विदा पर्न गएमा त्यसको भोलिपल्ट) संस्थाको कार्यालयमा विहान १० वजेदेखि शुरु भई दिउसो ४ वजेभित्रमा बन्द हुने गरी लिलाम विक्रि सम्वन्धी कार्य सम्पन्न गरिनेछ। लिलाम विक्रि गर्दा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ को परिच्छेद ८, नियम ३० को उपनियम १, २, ३, ४ एवं नियम ३२ र नियम ३४ को प्रकृया तथा लुम्विनी प्रदेश सहकारी ऐन तथा नियमावली २०७६ को परिच्छेद ६ नियम २३ को उपनियम १, २, ३, ४ एवं नियम २५ र नियम २७ को प्रकृया तथा संस्थाको विनियम एवं ऋण नीति अनुसार डाँक वढावढको माध्यमवाट लिलाम विक्रि गरी संस्थाको सावाँ, व्याज र हर्जाना रकम असुल उपर गरिनेछ। सहकारी ऐन २०७४ तथा नियमावली २०७५ को परिच्छेद ८, नियम ३० र नियम ३२ एवं लुम्विनी प्रदेश सहकारी ऐन तथा नियमावली २०७६ को परिच्छेद ६, नियम २३ र नियम २५ वमोजिम लिलाम विक्रि गर्नुपर्ने जायजेथा लिलाम विक्रि गर्दा कसैले नसकारेमा सहकारी ऐन तथा नियमावली २०७५ को परिच्छेद ८, नियम ३५ एवं लुम्विनी प्रदेश सहकारी ऐन तथा नियमावली २०७६ को परिच्छेद ६, नियम २८ बमोजिम लिलाम विक्री नभएमा जायजेथा सामूहिक विकास बचत तथा ऋण सहकारी संस्थाको स्वामित्वमा रहने तथा सो बाट समेत असुल उपर हुन नसकेमा सहकारी ऐन तथा नियमावली बमोजिम निजको अन्य जायजेथा वा अन्य विधि अवलम्वन गरी असुल उपर गर्ने प्रकृया अगाडि बढाईने व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

**१) ऋणी सदस्यको नामः हेम बहादुर थापा** | **कर्जा शिर्षकः सामूहिक सरल कर्जा** | **ऋण लगानी मितिः २०७९/०३/३२**

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| ऋणीको नामः हेम बहादुर थापा<br>ठेगानाः पल्लीकोट २, गुल्मी<br>वावुको नामः कर्ण बहादुर थापा<br>वाजेको नामः गुमान सिंह<br>ना.प्र.प.नं. २७८३९, गुल्मी<br>जारी मितिः २०५९/०४/२० | हेम बहादुर थापाको नाममा दर्ता रहेको रुपन्देही जिल्ला तिलोत्तमा न.पा ११ साविक मक्रहर ७ क कि.नं. २०८२ जम्मा क्षेत्रफल ०-०-१०.५ जग्गा |

**२) ऋणी सदस्यको नामः भास्कर पाण्डेय** | **कर्जा शिर्षकः व्यवसायिक कर्जा** | **ऋण लगानी मितिः २०७९/०३/३१**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानतको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|---|
| ऋणीको नामः भास्कर पाण्डेय<br>ठेगानाः शंकरनगर ७, रुपन्देही<br>हालः तिलोत्तमा ३, रुपन्देही<br>वावुको नामः भिम लाल पाण्डे<br>वाजेको नामः धातानन्द पाण्डे<br>ना.प्र.प.नं. २०८५६, रुपन्देही<br>जारी मितिः २०६१/०१/२९ | नामः अर्जुन पाण्डे<br>ठेगानाः शंकरनगर ७, रुपन्देही<br>हालः तिलोत्तमा ३, रुपन्देही<br>वावुको नामः भिम लाल पाण्डे<br>वाजेको नामः धातानन्द पाण्डे<br>ना.प्र.प.नं. २५६६०, रुपन्देही<br>जारी मितिः २०६१/०३/१४ | भास्कर पाण्डेको नाममा दर्ता रहेको रुपन्देही जिल्ला तिलोत्तमा न.पा ३ साविक आनन्दवन ३ ख कि.नं. ९५८४ जम्मा क्षेत्रफल ०-०-१९.७५ जग्गा। |

**३) ऋणी सदस्यको नामः अर्जुन पाण्डे** | **कर्जा शिर्षकः व्यवसायिक कर्जा** | **ऋण लगानी मितिः २०७९/०९/३०**

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| ऋणीको नामः अर्जुन पाण्डे<br>ठेगानाः शंकरनगर ७, रुपन्देही<br>हालः तिलोत्तमा ३, रुपन्देही<br>पतिको नामः भिमलाल पाण्डे<br>ससुराको नामः धातानन्द पाण्डे<br>ना.प्र.प.नं. २५६६०, रुपन्देही<br>जारी मितिः २०६१/०३/१४ | अर्जुन पाण्डेको नाममा दर्ता रहेको रुपन्देही जिल्ला तिलोत्तमा न.पा ३ साविक आनन्दवन ३ ख कि.नं. जम्मा क्षेत्रफल ९४३० (०-०-१५) र ९४३२(०-०-१७.२५) जग्गा। |

**४) ऋणी सदस्यको नामः कृष्णा रेग्मी** | **कर्जा शिर्षकः सामाजिक कर्जा** | **ऋण लगानी मितिः २०७९/०५/२९**

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| ऋणीको नामः कृष्णा रेग्मी<br>ठेगानाः तिलोत्तमा न.पा ६, रुपन्देही<br>पतिको नामः कुल प्रसाद रेग्मी<br>ससुराको नामः एकादेव रेग्मी<br>ना.प्र.प.नं. २/१६७९५, रुपन्देही<br>जारी मितिः २०५७/०२/१२ | कृष्णा रेग्मीको नाममा दर्ता रहेको रुपन्देही जिल्ला तिलोत्तमा न.पा ६ साविक आनन्दवन १ क को कि.नं. ५४३३ (०-०-६.७५) जग्गा। |

**५) ऋणी सदस्यको नामः सुमित्रा न्यौपाने** | **कर्जा शिर्षकः सामूहिक सरल कर्जा** | **ऋण लगानी मितिः २०७९/०६/३१**

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| ऋणीको नामः सुमित्रा न्यौपाने<br>ठेगानाः निबवाखर्क ५, स्याङ्जा<br>हालः तिलोत्तमा न.पा १, रुपन्देही<br>पतिको नामः कोपिलदेव न्यौपाने<br>ससुराको नामः तारा प्रसाद न्यौपाने<br>ना.प्र.प.नं. ४२२०४२/३३६८८, स्याङ्जा<br>जारी मितिः २०६५/०७/२१ | सुमित्रा न्यौपानेको नाममा दर्ता रहेको रुपन्देही जिल्ला तिलोत्तमा न.पा १ साविक आनन्दवन २/घ को कि.नं. ४००४ (०-०-७) जग्गा र घरसमेत। |

**६) ऋणी सदस्यको नामः खिमलाल पुरी** | **कर्जा शिर्षकः सामूहिक सरल कर्जा** | **ऋण लगानी मितिः २०८०/०३/१०**

| ऋणीको विवरण | व्यक्तिगत धनजमानतको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|---|
| ऋणीको नामः खिमलाल पुरी<br>ठेगानाः दुधराक्ष २, रुपन्देही<br>हालः सैनामैना ५, रुपन्देही<br>बाबुको नामः तुल्सीराम पुरी<br>बाजेको नामः केशवराज<br>ना.प्र.प.नं. ३३४२९, रुपन्देही<br>जारी मितिः २०६२/०७/१३ | नामः मिना गिरी<br>ठेगानाः अमवा ३, रुपन्देही<br>हालः सैनामैना ५, रुपन्देही<br>बाबुको नामः खगेश्वर गिरी<br>बाजेको नामः खडग गिरी<br>ना.प्र.प.नं. ३७३०३३/६८, रुपन्देही<br>जारी मितिः २०६३/११/०९ | खिमलाल पुरीको नाममा दर्ता रहेको रुपन्देही जिल्ला कंचन गा.पा ४ साविक गजेडी ५/ङ को कि.नं. २३९ (०-६-१०) जग्गा। |

- सावाँ रकम वुझाउँदा अघिल्लो दिनसम्मको व्याज तथा हर्जाना रकम लाग्नेछ।
- धितो लिलाम प्रकृयामा लागेको सम्पूर्ण खर्च ऋणी स्वयंबाट भराई लिईनेछ।
- धितो लिलाम विक्रि सम्वन्धी अन्य व्यवस्था सहकारी ऐन तथा नियमावली अनुसार हुनेछ।

विस्तृत जानकारीका लागि

**सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि.**
तिलोत्तमा नगरपालिका वार्ड नं. ३, शंकरनगर रुपन्देही, फोन नं. ०७१-४१४३११, ४१४२८४

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**व्यावसायिक रूपमा मौरीपालनः**
दाङको घोराही उप-महानगरपालिका-२ स्थित ठाटीखोलाका कृषक मनिराम पुनले घर वरिपरि राखेका परम्परागत लोकल मौरीका घार । पुनले मह उत्पादनका लागि करिब पाँच दर्जन लोकल मौरीका घार राखेर व्यावसायिक मौरीपालन गर्दै आएका छन् । तस्विरः रासस

# लुम्बिनीका पाँच नयाँ मन्त्रीले लिए शपथ



बुटवल । लुम्बिनी प्रदेश सरकारमा मन्त्रिपरिषद् हेरफेर गरिएको छ। नवनियुक्त पाँचजना मन्त्रीले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् ।

बुटवलस्थित प्रदेश प्रमुखको कार्यालयमा प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले सोमबार नवनियुक्त मन्त्रीहरूलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । मुख्यमन्त्री चेतनारायण आचार्यको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा ९ बमोजिम एक हप्ताअघि मन्त्रिपरिषद् पुनर्गठन गरिएको थियो ।

पुनर्गठित मन्त्रिपरिषद्मा एमालेबाट चार जना र अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीबाट एक जना गरी पाँच जना नयाँ मन्त्री नियुक्त भएका छन् । यद्यपि राई नेतृत्वको पार्टीले आधिकारिता पाएको छैन । नयाँ नियुक्त मन्त्रीहरूमा एमालेबाट तुलसीप्रसाद चौधरी, डिल्लीराज भुसाल, रामजीप्रसाद घिमिरे, रत्नबहादुर खत्री र खारेज भइसकेको दल जसपाबाट भण्डारीलाल अहिर रहेका छन् ।

चौधरीलाई कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, भुसाललाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, घिमिरेलाई स्वास्थ्य मन्त्रालय, खत्रीलाई भौतिक पूर्वाधार विकास मन्त्रालय तथा अहिरलाई आन्तरिक मामिला तथा कानून मन्त्रालयको जिम्मेवारी दिइएको छ। अहिर प्रदेश सभाको चार वर्षे कार्यकालमा यो समेत चौथो पटक मन्त्री बनेका हुन् ।

शपथ ग्रहण कार्यक्रममा मुख्यमन्त्री चेतनारायण आचार्य, पूर्व मुख्यमन्त्री जोखबहादुर महरा, सभामुख तुलाराम घर्तीमगर, उपसभामुख मेनुका खाँण केसीलगायतको उपस्थिति रहेको थियो ।

# वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वमा एमाले-नेकपाको बर्चश्व



बुटवल । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको विशेष साधारणसभाबाट नयाँ कार्यसमिति चयन भएको छ। जेठ २४ गते सम्पन्न निर्वाचनबाट नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी संघबाट डिकबहादुर खत्री अध्यक्षमा निर्वाचित भएका छन् ।

प्यानलसहित निर्वाचनमा होमिएका खत्रीको प्यानलबाट १४ जना निर्वाचित भएका छन् । १७ सदस्यीय कार्यसमितिमा खत्री प्यानलबाट ६ जना पदाधिकारी र ८ जना सदस्य निर्वाचित भएका हुन् ।

यसअघि २०८१ चैत २९ गते भएको ३१औं साधारणसभाबाट नेपाली कांग्रेस निकट लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी संघका भुवनसिंह गुरुङ अध्यक्ष बनेका थिए । तर, गुरुङको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै महासचिव महेशकुमार बस्नेतसहितका बहुमत पदाधिकारीले राजीनामा दिएपछि संघमा संकट उत्पन्न भएको थियो । सोही गतिरोध अन्त्य गर्न विशेष साधारणसभामार्फत् नयाँ नेतृत्व चयन गरिएको हो ।

विशेष साधारणसभाका लागि एमाले, कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टी निकटका व्यवसायीहरू ३ प्यानल बनाएर निर्वाचनमा होमिएका थिए । एमाले निकट प्रगतिशीलबाट खत्रीको प्यानललाई नेपाली कम्युनिष्ट पार्टी निकट गणतान्त्रिक मञ्च, कांग्रेस निकट लोकतान्त्रिक व्यवसायीको असन्तुष्ट पक्षको समर्थन रहेको थियो । कांग्रेस निकट मेघनाथ भुर्तेल समूहबाट भने तृतीय उपाध्यक्ष लक्ष्मण पौडेल तथा २ सदस्य दीक्षा थपलिया र गीता राउत निर्वाचित भएका छन् ।

खत्रीको जितका लागि गणतान्त्रिक मञ्चको 'निर्णायक' भूमिका रहेको थियो । १७ सदस्यीय कार्यसमितिमा गणतान्त्रिक मञ्चले आफ्नो बलियो उपस्थिति देखाएको छ । मञ्चका तर्फबाट २ जना पदाधिकारी र ५ जना सदस्य गरी ७ जना निर्वाचित भएका छन् । जसमा द्वितीय उपाध्यक्ष अनिल बोगटी र सचिवमा केदारनाथ अधिकारी छन् ।

त्यस्तै निर्वाचित सदस्यहरूमा मञ्चकातर्फबाट तारा तामाङ, तारामणि राई, रविन्द्र राई, भावना गजुरेल र बाबुराम न्यौपाने रहेका छन् ।

महासचिवमा समेत प्रगतिशिलकै हिराबहादुर डाँगी निर्वाचित भएका छन् । यस्तै, कोषाध्यक्षमा प्रगतिशीलकै धनमाया सिन्जाली पुनः निर्वाचित भएकी छन् भने कार्यसमिति सदस्यमा ध्रुव जिसी निर्वाचित भएका छन् ।

लोकतान्त्रिक समूहबाट विद्रोह गरेर खत्रीको प्यानलमा गएका विघटित कार्यसमितिका महासचिव महेश कुमार बस्नेत प्रथम उपाध्यक्षमा निर्वाचित भएका छन् । भने सदस्यमा लोकतान्त्रिक समूहबाट विद्रोह गरेकी रमा खड्का निर्वाचित भएकी छन् ।

दुई वर्षे कार्यकाल सकिनै लागेको बेला गुरूङ नेतृत्वको कार्यसमिति विघटन गरिएको थियो ।

गुरूङको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै दुई तिहाइ बहुमत पदाधिकारी तथा सदस्यहरूले राजीनामा दिएपछि कार्यसमिति भंग भएको थियो । विधानअनुसार कार्यसमिति भंग भएपछि विशेष साधारणसभाका लागि प्रबन्ध समिति बनेको थियो । गुरूङले प्रबन्ध समितिलाई अवैधानिक भन्दै आफू नै अध्यक्ष रहेको दाबी गर्दै आएका थिए ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले हस्तक्षेप गर्दै उक्त कार्यसमिति विघटन गर्दै विशेष साधारणसभा गर्न निर्देशन दिएको थियो ।

# किशोरीहरूलाई आत्मरक्षा तालिम



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा किशोरीहरूलाई आत्मरक्षा तालिम दिइएको छ ।

रामग्राम नगरपालिकामा सञ्चालित लैङ्गिक हिन्सा रोकथाम तथा प्रतिकार्यलागि एकीकृत सेवा पहुँच परियोजनाले किशोरीहरूलाई आत्मरक्षा तालिम दिइएको हो ।

परियोजनाले रामग्राम नगरपालिकाको वडा नं. ४ उजैनीस्थित श्री उत्तम बालहित माविका कक्षा ८ भन्दामाथिका किशोरीहरूलाई आत्मरक्षा तालिम प्रदान गरिएको परियोजनाका विज्ञ अनुप खड्काले जानकारी दिए ।

तालिममा किशोरीलाई सम्भावित हिंसाको प्रतिकार गर्नको लागि आत्मरक्षा गर्ने उद्देश्यले तालिम दिइएको महिला तथा बालबालिका शाखा प्रमुख तारादेवी अर्यालले जानकारी दिइन् ।

तालिम उत्तम बालहित माविका कक्षा ८ भन्दामाथिका ३५ जना किशोरी हरूको सहभागिता रहेको स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक सुरज हरिजनले बताए ।

किशोरकिशोरीहरुको भूमिका, जीवनरक्षासम्बन्धी प्रयोगात्मक अभ्यास, कल्चरल तथा कला प्रदर्शनी, आत्मरक्षा सीपको व्यावहारिक अभ्यास, सफल नेतृत्व विकाससम्बन्धी कला, साइबर सुरक्षा एवम् घरेलु हिंसा न्यूनीकरण, बालअधिकारका आयामहरु, बाल बचाउ, संरक्षण र सहभागिता, लैङ्गिक हिंसा न्यूनीकरण तथा सामाजिक विकासको सम्बन्धलगायत विषयहरुमा सहजीकरण गरिएको थियो ।

पछिल्लो समय देशमा महिला तथा बालबालिकाहरुमाथि बढ्दै गइरहेको विभिन्न प्रकृतिका हिंसाहरुको न्यूनीकरणमा सहयोग पुऱ्याउन र तालिमबाट विद्यालय उमेर समूहका किशोरीहरुलाई सक्षम बनाउन तालिम दिइएको परियोजनाले जनाएको छ । परियोजनाले रामग्रामका चार वटा विद्यालयका किशोरीहरू र नगरपालिका कर्मचारीलाई आत्मरक्षा तालिम दिइने छ ।

# मोबाइल फोन नष्ट गरिएको विरोधमा विद्यार्थीको प्रदर्शन, क्षतिपूर्ति माग




बुटवल । एसईई र कक्षा-१२ परीक्षाका क्रममा जफत गरिएका मोबाइल फोन तथा स्मार्ट घडी पानीमा डुबाएर नष्ट गरिएको घटनाविरुद्ध सिरहामा संयुक्त विद्यार्थी संगठनहरूले विरोध प्रदर्शन गरेका छन् ।

विद्यार्थीहरूले सिरहा क्याम्पस अगाडिबाट जिल्ला प्रशासन कार्यालयसम्म प्रदर्शन गरेका हुन् । उनीहरूले नष्ट गरिएका मोबाइल फोनको उचित क्षतिपूर्ति उपलब्ध गराउन, पीडित विद्यार्थीलाई न्याय दिन तथा सम्पत्तिमाथिको दमन बन्द गर्न माग गरेका छन् ।

साथै विद्यार्थी संगठनहरूले प्रमुख जिल्ला अधिकारीमार्फत् जिल्ला प्रशासन कार्यालय सिरहामा ज्ञापनपत्र बुझाउँदै घटनाको निष्पक्ष छानबिन, पीडितलाई क्षतिपूर्ति तथा जिम्मेवार पक्षमाथि कानुनी कारबाहीको माग गरेका छन् ।

ज्ञापनपत्रमा संविधानले प्रत्याभूत गरेको सम्पत्तिको हकविपरीत कानुनी प्रक्रिया पूरा नगरी नष्ट गरिएको भन्दै आपत्ति जनाइएको छ ।

विद्यार्थी संगठनहरूले परीक्षा अनियमिततामा संलग्नमाथि कानुनबमोजिम कारबाही गर्न सकिने भए पनि निजी सम्पत्ति नष्ट गर्ने अधिकार नभएको बताएका छन् ।

परीक्षामा चोरी वा अनियमितताको पक्षमा नभई विधि, कानुन, न्याय र जवाफदेहिताको पक्षमा रहेको उल्लेख गर्दै दोषीमाथि कारबाही र पीडितलाई क्षतिपूर्ति दिन ज्ञापन पत्रमार्फत माग गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय सिरहाले गत चैतमा सम्पन्न एसईई तथा कक्षा-१२ परीक्षाका क्रममा परीक्षार्थीबाट जफत गरिएका करिब ५०० मोबाइल फोन र स्मार्ट घडी नष्ट गरेको थियो ।

प्रशासनका अनुसार सात वटा आइफोन, ४८९ वटा विभिन्न कम्पनीका एन्ड्रोइड मोबाइल फोन तथा पाँच वटा स्मार्ट वाच बरामद गरिएको थियो ।

ती उपकरणको अनुमानित बजार मूल्य एक करोड रुपैयाँभन्दा बढी रहेको बताइएको छ । मोबाइल व्यवस्थापनका लागि शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका परीक्षा शाखा अधिकृत राजदेव यादवको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधि सम्मिलित पाँच सदस्यीय उपसमिति गठन गरिएको थियो ।

समितिले जिल्ला प्रहरी कार्यालय परिसरमा मोबाइलहरू २४ घण्टा पानीमा डुबाएर राखी पुनः प्रयोग गर्न नसकिने अवस्थामा पुऱ्याएर नष्ट गरेको जनाएको छ ।

प्रशासनले परीक्षाको मर्यादा कायम राख्न र भविष्यमा यस्ता उपकरणको दुरुपयोग रोक्न उक्त कदम चालिएको दाबी गरेको छ ।

तर अभिभावक, कानुन व्यवसायी तथा विद्यार्थी संगठनहरूले उक्त निर्णयप्रति गम्भीर असन्तुष्टि जनाउँदै निष्पक्ष छानबिन, क्षतिपूर्ति र न्यायको माग गरेका छन् ।

# अन्तर व्यवस्थापिका मञ्चमा स्थानीय तहलाई उपेक्षा गरिएकोमा आपत्ति

बुटवल । नेपालका स्थानीय सरकारहरूको साझा संस्था गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल र नेपाल नगरपालिका सङ्घले 'अन्तर व्यवस्थापिका मञ्च' मा स्थानीय व्यवस्थापिका (गाउँसभा र नगर सभा) लाई सहभागी नगराइएकोमा गम्भीर आपत्ति जनाएका छन् ।

सुदूरपश्चिम प्रदेशको टीकापुरमा भएको अन्तर व्यवस्थापिका मञ्चको ११औं सम्मेलनमा स्थानीय तहलाई नजरअन्दाज गरिएको भन्दै दुवै सङ्घले संयुक्त विज्ञप्ति जारी गरी ध्यानाकर्षण गराएका हुन् । सभामुख, राष्ट्रियसभाका अध्यक्ष र सातै प्रदेशका सभामुखहरूलाई सम्बोधन गर्दै पठाइएको उक्त पत्रमा सङ्घीयताको मर्म विपरीत स्थानीय तहलाई बाहिर राखिएको भन्दै पालिकाहरू रुष्ट बनेका हुन् ।

महासङ्घ र सङ्घले नेपालको संविधानले गाउँसभा र नगर सभालाई स्पष्ट रूपमा व्यवस्थापिकाको रूपमा स्थापित गरेको भन्दै जारी गरेको विज्ञप्तिमा भनिएको छ- 'सङ्घीय संसद् र प्रदेशसभाका सभामुख तथा उपसभामुखहरू मात्र सम्मिलित संरचनालाई अन्तर व्यवस्थापिका मञ्चका रूपमा प्रस्तुत गरिनु आफैँमा अपूर्ण, असन्तुलित र सङ्घीयताको मर्म विपरीत छ' पालिकाहरूले भनेको छ, 'सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐनले तीनै तहका व्यवस्थापिकाहरू समान र परिपूरक अङ्ग भएको उल्लेख गर्दै स्थानीय तहको प्रतिनिधित्व बिनाको मञ्चले वैध दाबी गर्न सक्दैन ।'

टीकापुर सम्मेलनले पारित गरेका विषयहरू डिजिटल पार्लियामेन्ट, व्यवस्थापकीय प्रतिष्ठान, संसदीय बजेट कार्यालय र क्षमता विकास जस्ता कार्यक्रमहरूमा स्थानीय तहको नाम उल्लेख गरिए पनि ती प्रक्रियामा स्थानीय तहको संस्थागत संलग्नता, नेतृत्व र निर्णय प्रक्रियालाई भने पूर्णतः निषेध गरिएको छ ।

गाउँपालिका महासङ्घकी अध्यक्ष लक्ष्मीदेवी पाण्डे र नगरपालिका सङ्घका अध्यक्ष भीमप्रसाद ढुङ्गानाद्वारा संयुक्त विज्ञप्ति जारी गर्दै भनेका छन् - 'मञ्चको विधान, सचिवालय, नेतृत्व र निर्णय प्रक्रियामा ७५३ वटै स्थानीय व्यवस्थापिकाको संस्थागत र अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित हुने गरी यसलाई साझा मञ्चको रूपमा पुनर्संरचना गरिनुपर्ने छ ।'

यस्तै, स्थानीय तहसँग सम्बन्धित नीतिगत तथा व्यवस्थापकीय निर्णयहरूमा स्थानीय तहको अनिवार्य सहभागिता सुनिश्चित गरिनुपर्ने उनीहरूको माग छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत ९५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com